# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जफे, दोलखा, बागमती प्रदेश, नेपाल

**सीपमूलक तालिम कार्यक्रमका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मिति: २०८१।११।२५**

तामाकोशी गाउँपालिका र बागमती प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद, हेटौँडा मकवानपुरका बीच सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम भएको साझेदारीमा कार्यक्रम सञ्चालन सम्बन्धमा भएको सम्झौता अनुसार चालु आ.व. २०८१।८२ मा यस गाउँपालिका क्षेत्र भित्रका व्यक्तिहरुको लागि देहायको सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले तपसिलका कागजातहरु सहित **यो सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात चैत ३ गते (अन्तिम दिन सा.वि. परेकोले) भित्र** कार्यालय समयमा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्न हुन सम्बधित सबैमा जानकारिका लागि यो सुचना प्रकाशित गरिएको छ ।

साथै पेस हुन आएका निवेदनहरु उपर सम्बन्धित वडा समितिले आवश्यक छानवीन समेत गरी कार्यविधिको दफा ६ उपदफा (१) बमोजिम हुनेगरी तोकिएबमोजिमका सहभागीहरुको नामावली आवेदन प्राप्त मितिले ३ दिन अर्थात चैत्र ६ गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा छनौट गरी सिफारिस सहित पठाउनुपर्ने छ ।

तपसिल

**क) तालिम सम्बन्धी विवरण:** (एकाघरको एकजनाले मात्र आवेदन दिन सक्ने ।)

| क्र.सं. | कार्यक्रम सम्बन्धी विवरण | तालिम अवधि | तालिमको लागि छनौट गर्नुपर्ने संख्या | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर मर्मत तालिम | ३९० घण्टा | ३ जना | १ | |
| २ | | | ३ जना | २ | |
| ३ | | | ३ जना | ३ | |
| ४ | | | ३ जना | ४ | |
| ५ | | | ३ जना | ५ | |
| ६ | | | ३ जना | ६ | |
| ७ | | | २ जना | ७ | |

**ख) प्रस्तावकको योग्यता:**

१. सम्बन्धित वडाको स्थायी बासिन्दा,

२. अन्यत्र कुनै संघसस्था वा निकायमा (करार वा स्थायी) कार्यरत नरहेको,

३. १६ वर्ष पुरा भई ४० वर्ष उमेर ननाघेको,

४. कम्तिमा ८ कक्षा उत्तीर्ण, स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्न चाहना र रूची भएको वा तालिमसँग सम्बन्धित व्यवसाय गरिरहेका,

५. विपन्न, गरिब, दलित, द्वन्द पिडित, सीमान्तकृत, अल्पसङ्ख्यक समूदाय अन्तर्गत पर्ने व्यक्ति,

६. यस गाउँपालिकाबाट अन्य कुनै किसिमको सीप विकास तालिम नलिएको र अन्य कुनै निकायबाट यसै प्रकृतिको तालिम/सहयोग प्राप्त नगरेको ।

**ग) संलग्न गर्नुपर्ने कागजातहरु:**

१. रीतपूर्वक भरिएको तोकिए अनुसारको ढाँचामा सम्बन्धित व्यक्तिको निवेदन

२. नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी

३. पासपोर्ट साइजको फोटो २ प्रति

४. कम्तिमा ८ कक्षा उत्तीर्ण भएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

**घ) तालिम सञ्चालन प्रक्रिया:** सम्बन्धित वडाबाट छनौट भई आउने २० जना सहभागीहरुलाई समेटि गाउँपालिकाद्वारा कार्यक्रम सञ्चालन गरिनेछ । अन्य शर्तहरु गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

थप जानकारीका लागि सम्पर्क ९८५१२०५६८४ (कार्यक्रम संयोजक: पवनराज फुयाल)

२०८१।११।२५

प्रमुख प्रशासकीय अधिकृत

| |
|---|
| कार्यालय प्रयोजनको लागि<br>दर्ता नं.<br>मिति: |

फोटो

श्री तामाकोशी गाउँपालिका, वडा नं. .......... कार्यालय
तामाकोशी गाउँपालिका, दोलखा।

विषयः सीपमूलक तालिममा सहभागी हुन पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा श्री तामाकोशी गाउँपालिकाको कार्यालय, जफे, दोलखाबाट सञ्चालन हुने **कम्प्युटर मर्मत** विषयको सीपमूलक तालिमका लागि मिति २०८१।११।२५ गतेमा प्रकाशित आवेदन माग सम्बन्धी सूचना अनुसार आ.व. २०८१/०८२ को लागि तपशिल बमोजिम तालिममा सहभागी भई प्रशिक्षण लिन इच्छुक भएकोले आवश्यक विवरण तथा कागजात सहित यो आवेदन पेश गरेको / गरेकी छु। साथै तालिम अवधिभर प्रचलित नियम कानूनको अधिनमा रहि अनुशासनपूर्वक तालिम हासिल गर्नेछु।

१. आवेदकको नामः
देवनागरी लिपिमाः श्री / सुश्री / श्रीमतीः ..........................................................................................
**अंग्रेजीमा : Mr. / Miss / Mrs.: ...............................................................................................**
२. आवेदकको ठेगाना
स्थाई: .............................................................................................................................................
अस्थाई: ..........................................................................................................................................
प्रशिक्षार्थीको सम्पर्क फोनः .......................................................
अभिभावकको सम्पर्क फोनः ......................................................
३. शैक्षिक योग्यताः ..........................................................................................................................
४. जन्म मितिः ....................................................................
५. आवेदकको वर्ग: ( चिन्ह लगाउनुस )
क. दलित   ख. विपन्न / गरिब   ग. द्वन्द पिडित   घ. सीमान्तकृत   ङ. अल्पसंख्यक समूदाय ।   च. अन्य
६. बावुको नामः ..................................................................
७. पति/पत्निको नामः ..................................................................
८. आमाको नामः ..................................................................
९. पेशा: ..............................................................................
१०. तालिम लिन चाहेको कारणः ..............................................................................................
११. वैवाहिक स्थितिः विवाहित / अविवाहित / एकल
१२. परिवार संख्या:

संलग्न कागजातः
१. नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी: ( १ प्रति )
२. न्युनतम शैक्षिक योग्यता (कक्षा ८ उत्तीर्ण) को प्रमाणपत्रको प्रतिलिपी: ( १ प्रति )
३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो: (२ प्रति )

मितिः २०८१/......./.......

.................................
आवेदकको सही

२०८१।११।२५

बिमल प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत